# कोषको सुन्धारास्थित भवन (काठमाडौं मल) को भुँईतला र भवनको मूल संरचना भन्दा बाहिर अस्थायी रुपमा निर्माण भएका संरचनाहरु खाली गर्नेसम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०२/३० गते)

कोषको स्वामित्वमा रहेको का.म.न.पा. वडा नं. २२ सुन्धारास्थित (काठमाडौं मल) भवनको मूल संरचना भन्दा बाहिर भाडावालले आफूखुसी निर्माण गरेको संरचनाहरू र भवनको भुँईतलामा सवारी साधन पार्किङ्ग कायम गर्न भनी काठमाडौं महानगरपालिकाको पत्र प्राप्त भएकोले उल्लेखित भवनको मूल संरचना भन्दा बाहिर आफूखुसी निर्माण गरेका संरचनाहरू तथा भुँईतलामा व्यवसाय गरी आएका व्यवसायीहरूलाई उक्त क्षेत्र खाली गर्न पटक-पटक जानकारी गराउँदै आएकोमा हालसम्म पनि उक्त स्थान खाली नगरेकोले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूले प्रयोग गरेको स्थानको हालसम्मको तिर्न बाँकी बक्यौता रहेको शुल्क तथा महशुल चुक्ता गरी उक्त स्थान खाली गरीदिनुहुन अनुरोध छ। अन्यथा कानून बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ।

**कर्मचारी सञ्चय कोष**

सम्पत्ति व्यवस्थापन विभाग

पुल्चोक, ललितपुर

फोनः ०१-५०१०००७, ५०१०००९